का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २७६
❒ १४ मंसिर २०७८, मंगलबार
❒ 30 November 2021, Tuesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।



# ओलीको ‘सर्वसम्मत’ विफल

वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शंकर पोखरेल र तीन उपमहासचिव प्रदीप ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ र विष्णु रिमाल निर्विरोध निर्वाचित, बाँकीमा चुनावी प्रतिस्पर्धा ।

**दिवाकर अधिकारी/मध्यान्ह**
चितवन, १३ मंसिर

मंसिर १० गते चितवनको नारायणी नदी किनारमा भव्यरुपमा उद्‌घाटन भएको नेकपा एमालेको १० औं राष्ट्रिय महाधिवेशन दोस्रो दिनदेखि अस्तव्यस्त बन्यो । सबै पदाधिकारीसहित केन्द्रीय सदस्य सर्वसम्मत चयन गर्न लागिपरेका एमाले अध्यक्ष केपी शर्मा ओलीको मनोकांक्षा भने पूरा हुन सकेन । शनिबार दिनभर सर्वसम्मतीको प्रयास गरेर ओलीले तयार गरेको पदाधिकारीसहित केन्द्रीय सदस्यको नामावलीले पूर्णरुपमा अनुमोदन हुन सकेन ।

बाँकी पृष्ठ २ मा

## ■ कांग्रेस निर्वाचन तालिका

# २५ गते उम्मेद्‌वारी, २७ गते मतदान

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ मंसिर

नेपाली कांग्रेसको प्रदेश र केन्द्रीय महाधिवेशनको तालिका फेरिएको छ । उद्‌घाटन हुने मिति यथावत राख्दै महाधिवेशनमा मनोनयनको तालिका फेर्ने निर्णय कांग्रेसले गरेको हो । सोमबार सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल र नेता कृष्णप्रसाद सिटौलाको बैठकले मनोनयन तालिका परिमार्जन गरेको हो । परिवर्तित तालिकाअनुसार प्रदेशमा यही मंसिर १५ गते हुने भनिएको मनोनयन १७ गतेका लागि सारिएको छ भने केन्द्रीय महाधिवेशनका लागि मंसिर २१ गते हुने भनिएको उम्मेदवारहरूको मनोनयन दर्ता मंसिर २५ गतेका लागि सारिएको छ ।

सार्वजनिक कार्यकतालिका अनुसार कांग्रेस केन्द्रीय कार्यसमितिका लागि मंसिर २४ गते मतदाता नामावली प्रकाशन गर्ने तय भएको छ । यस्तै २५ गते बिहान १० देखि साँझ ५ बजेसम्म उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने, २६ गते बिहान ८ देखि १० बजेसम्म मनोनयनपत्रमाथि पर्ने दावी विरोध गर्दा र जाँचबुझ गर्ने तय भएको छ ।

> कांग्रेसले उद्‌घाटन हुने मिति यथावत राख्दै महाधिवेशनमा मनोनयनको तालिका फेर्ने निर्णय गरेको हो ।

समितिका अनुसार सोही दिन दिउँसो १२ बजेसम्म दावीविरोधमाथि निर्णय गर्ने र १२ देखि ३ बजेसम्म उम्मेदवारको नामावली प्रकाशित गर्ने कार्यसूची रहेको छ । २६ गते नै ४ बजेसम्म मनोनयन फिर्ताको समय तोकिएको छ । सोही दिन ५ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने निर्वाचन समितिले जानकारी दिएको छ । मतदानको समय २७ गते विहान ८ बजेबाट तोकिएको छ ।

प्रदेश कार्यसमितिका लागि भने मंसिर १६ गतेबाट निर्वाचन कार्यतालिका तोकिएको छ । १६ गते विहान १० बजे मतदाता नामावली प्रकाशन गेर्न, १७ गते ८ देखि ११ बजेसम्म उम्मेदवारको मनोनयन गर्दा गर्ने र दिउँसो ११ देखि १ बजेसम्म दावी विरोधको समय दिइएको छ । २ बजेसम्म सो उपर निर्णय हुने कांग्रेसले नजाएको छ ।

सोही दिन साँझ ५ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गर्ने, साढे ६ बजेसम्म मनोनयन फिर्ताको समय दिने र साढे ७ बजे अन्तिम नामावली प्रकाशन गर्ने तालिका सार्वजनिक भएको हो । यस्तै १८ गते विहान ८ बजेबाट मतदान हुने निर्वाचन समितिले जनाएको छ ।

# सम्झौताअनुसार कामदारलाई सेवासुविधा नदिने विदेशी कम्पनीलाई कालो सूचीमा राखिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ मंसिर

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले सम्झौताअनुसार सेवासुविधा नदिने विदेशी कम्पनीहरुलाई कालो सूचीमा राखिने बताएका छन् । वैदेशिक रोजगारीबाट फर्किएकाहरुसँग वैदेशिक रोजगारी र नेपाली समाजमा पुन:एकीकरणबारे सोमबार भएको छलफलमा मन्त्री श्रेष्ठले सम्झौताअनुसार सेवासुविधा नदिने कम्पनीहरुलाई कालो सूचीमा राखेर त्यस्ता कम्पनीहरुको श्रम स्वीकृति रोक्ने बताएका हुन् ।

छलफलमा सहभागी वैदेशिक रोजगारीबाट फर्किएका केही कामदारले कोरोना महामारीका कारण रोजगारी गुमाएर बाध्यतावश फर्कंदा पाउनुपर्ने तलब, सुविधासमेत नपाएको गुनासो गर्दै पाउनुपर्ने तलबका लागि पहल गरिदिन माग गरेका थिए ।

सम्झौताअनुसार काम र पारिश्रमिक नपाएको, विरामी हुँदा उपचार नपाएको तथा नेपाल फर्कनुपर्दा चन्दा संकलन गर्नुपरेको गुनासो गर्दै उनीहरुले आवश्यक सीप र दक्षताको अभावमा अन्य देशका कामदार सरह तलब तथा सुविधा नपाएको गुनासोसमेत गरे । नेपालबाट श्रम स्वीकृति नपाई बाध्यतावश गैरकानूनी बाटोबाट गएका घरेलु महिला कामदारहरुले अत्यन्तै न्यून तलबमा काम गर्नुपरेको र हिंसाको शिकारसमेत हुनुपरेको उनीहरुले गुनासो गरे ।

छलफलमा वैदेशिक रोजगारीबाट फर्किएकाहरुका साथै आप्रवासी कामदारको पक्षमा काम गरिरहेका गैरसरकारी संस्थाका प्रतिनिधिहरुको समेत सहभागिता थियो । मन्त्री श्रेष्ठले वैदेशिक रोजगारीबाट फर्किएका कामदारलाई पुनर्मिलन, सामाजिक तथा आर्थिकरूपमा सशक्तिकरण गर्दै अगाडि बढाउने बताए ।

**वैदेशिक रोजगार विशेष**

## श्रम मन्त्रालयका सचिव गौतमको सरुवा

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव सुर्य प्रसाद गौतमको सरूवा भएको छ । सरकारले सोमबार गरेको १० जना सचिवको सरुवामा सचिव गौतम पनि परेका छन् । गौतमलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा पठाइएको छ ।

उनको स्थानमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव एक नारायण अर्याललाई ल्याइएको छ । सरुवा भएका सचिवहरुले मंगलबार मात्रै सरुवा पत्र बुझ्ने बताइएको छ ।

सचिव गौतमले गत फागुन ६ गते श्रम मन्त्रालय आएका थिए । मन्त्रालयका तत्कालीन सचिव तोयम रायालाई सरकारले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सरुवा गरी सचिव गौतमलाई श्रम मन्त्रालयमा सरुवा गरेको हो ।

विभिन्न स्थानीय तह, शैक्षिक जनशक्ति विकास केन्द्र, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेर कार्य गरिसेका सचिव गौतम श्रम, रोजगार तथा वैदेशिक रोजगार

बाँकी पृष्ठ २ मा



# ओमिक्रोन फैलिन नदिन निगरानी



**काठमाडौं/मस**–कोरोना भाइरसको नयाँ रुप (भेरियन्ट) ओमिक्रोन देखिएपछि नेपालमा पनि सतर्कता अपनाउन थालिएको छ। दक्षिण अफ्रिकामा देखिएको ओमिक्रोन भाइरस नेपालमा पनि फैलन सक्ने आँकलन गरिएपछि सतर्कता अपनाउन थालिएको हो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा.समीरकुमार अधिकारीले नेपालमा अहिलेसम्म कोरोना भाइरसको नयाँ रुप ओमिक्रोन देखापरेको पुष्टि नभएको बताए। उनले नेपालमा अहिलेसम्म नदेखिए पनि फैलने भने सम्भावना रहेको जानकारी दिए।

उनले भने, 'नेपालमा पनि उक्त भाइरस फैलिने सम्भावना उच्च रहेको छ', सहप्रवक्ता डा.अधिकारीले भने, 'तर हामी फैलिन नदिनका लागि तयारी अवस्थामा रहेका छौं।' उनका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र भारतसँग सिमाना जोडिएका नाकामा रहेका सहायता कक्षले विदेशबाट आउने व्यक्तिमा ओमिक्रोन भाइरसको संक्रमण छ वा छैन भनेर निगरानीलाई तीव्र पारेको छ। यस्तै विदेशबाट आउनेलाई क्वारेन्टाइनमा राख्ने गरिएको र ती व्यक्तिमा कस्तो लक्षण देखिएको छ, सोको पनि निगरानी गरिएको मन्त्रालयका सहप्रवक्ता डा.अधिकारीले जानकारी दिए। ओमिक्रोन भाइरस नयाँ भएकाले यो कति द्रुतगतिमा फैलिन सक्दछ र यसले कस्तो असर पार्दछ भनेर अध्ययन हुन बाँकी छ।

### २५९ मा कारोना संक्रमण

सोमबार नेपालमा २५९ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ।

सात हजार २३१ जनाको पीसीआर परीक्षण गर्दा २४३ र दुई हजार ६५७ जनाको एन्टिजेन परीक्षण गर्दा १६ गरी कूल २५९ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको हो। योसँगै नेपालमा हालसम्म कोरोना संक्रमितको संख्या नौ लाख १६ हजार ६०९ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

सोमबार २६४ जना कोरोना भाइरस संक्रमणमुक्त भएका छन्। योसँगै हालसम्म संक्रमणमुक्त हुनेको संख्या आठ लाख दुई हजार ६५३ जना पुगेको मन्त्रालयले जनाएको छ। देशभर सक्रिय संक्रमितको संख्या ६ हजार ९४४ रहेका छन्। तीमध्ये ६ हजार ५४१ होम आइसोलेशनमा र ४०३ जना संस्थागत आइसोलेशनमा छन्।

संक्रमितमध्ये १५९ आइसीयू र ३७ जना भेन्टिलेटरमा उपचाररत छन्। त्यसैगरी १० वर्ष मुनिका सात बालबालिकामा कोरोना संक्रमण पुष्टि भएको छ। ११ देखि २० वर्ष उमेर समूहका १७ जनामा कोरोना भाइरस संक्रमण देखिएको छ। सोमबार नेपालमा एक जना संक्रमितको मृत्यु भएको छ। योसँगै नेपालमा मृत्यु हुनेको संख्या ११ हजार ५२४ पुगेको छ।

# मंसिर १९ गतेदेखि बाघ गणना



**चितवन/मस**– नेपालका राष्ट्रिय निकुञ्जमा यही मङ्सिर १९ गतेदेखि बाघ गणना गरिने भएको छ। गणनाको शुभारम्भ चितवन राष्ट्रिय निकुञ्जबाट गरिँदै छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले गणनाको नेतृत्व गर्दछ।

देशभरका पाँच निकुञ्जमा बाघ छन्। चितवन, बर्दिया, पर्सा, शुक्लाफाँटा र बाँके राष्ट्रिय निकुञ्ज तथा आसपासका वन क्षेत्रमा बाघको गणना गरिन लागेको हो। चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यका अनुसार हिउँदको समयमा बाघ बाटोमा आउने हुँदा यो समय गणनाका लागि उपयूक्त मानिन्छ।

वन तथा वातावरणमन्त्री रामसहायप्रसाद यादवसहितका उच्च अधिकारीको उपस्थितिमा गणनाको शुभारम्भ गरिने आचार्यले जानकारी दिए। झाडी सुक्दै गएपछि बाघ घाँसे मैदानमा बस्ने हुँदा गणना कठिन हुने भएकाले यो मौसम छानिएको हो। उहाँको भनाइमा पुस महिनाभित्रमा सम्पन्न गर्ने गरी बाघगणना गर्ने तयारी गरिएको छ।

क्याप्चर रिक्याप्चड विधिबाट बाघ गणना गरिन्छ। दुई/दुई ग्रिड अर्थात चार वर्ग किलोमिटरमा एक जोडी क्यामेरा राखेर गणना गरिन्छ। कम्तीमा दुई हप्ता क्यामेरा राख्नुपर्ने उनको भनाइ छ।

चितवन र पर्सालाई एउटा कम्प्लेक्स, बाँके र बर्दियालाई दोस्रो कम्प्लेक्स र शुक्लाफाँटा तथा नजिकैको लालझाडी क्षेत्रलाई तेस्रो कम्प्लेक्स बनाएर बाघको गणना गर्न लागिएको हो।

सन् २०१८ मा गरिएको बाघ गणनामा नेपालमा २३५ वयस्क बाघ फेला परेका थिए। त्यतिबेला चितवनमा ९३, बर्दियामा ८७, पर्सामा १८, शुक्लाफाँटामा १६ र बाँकेमा २१ बाघ फेला परेका थिए।

यो संख्या बढेको अनुमान छ। सन् २०१० मा रसियाको सेन्ट पिटर्सवग भएको बाघ पाइने १३ मुलुकका राष्ट्र प्रमुखको बाघ सम्मेलनमा नेपालले सन् २०२२ सम्ममा बाघको संख्या २५० पुऱ्याउने प्रतिवद्धता व्यक्त गरेको थियो।

तत्कालीन समयमा नेपालका निकुञ्जमा १२१ बाघ रहेको तथ्यांक थियो। दोब्बरभन्दा बढी संख्या बनाउने नेपालको प्रतिवद्धता पूरा हुनेमा संरक्षणविद् विश्वस्त रहेका छन्। नेपालमा हरेक चार/पाँचवर्षको अन्तरमा बाघ गणना गर्ने गरिन्छ।

## गंगालाल अस्पतालमा पनि पीसीआर परीक्षण शुल्क एक हजार




**काठमाडौं/मस**–स्वास्थ्य तथा जनसंख्यामन्त्री बिरोध खतिवडाको निर्देशनपछि शहीद गंगालाल हृदयरोग केन्द्र बाँसबारीमा गरिने पीसीआर परीक्षण शुल्क अन्य सरकारी अस्पतालसरह एक हजार रुपैयाँ कायम गरिएको छ। सरकारी र निजी स्वास्थ्य संस्थामा पीसीआर परीक्षणबापत लिइएको शुल्कमा एकरुपता कायम गर्न र उक्त अस्पतालमा पनि अन्य सरकारी अस्पतालमा सरह शुल्क निर्धारण गर्न निर्देशन दिएपछि सोमबारबाट सो व्यवस्था कार्यान्वयनमा आएको हो।

गङ्गालाल अस्पताल सञ्चालक समितिको अध्यक्षका हैसियतले मन्त्री खतिवडाले सो अस्पतालमा पीसीआर परीक्षण शुल्क एक हजार ७ सय रुपैयाँ लिँदै आएकामा एकरुपता नभएको भन्दै सुलभ मूल्य कायम गर्न निर्देशन दिए। अहिले केन्द्रीय प्रयोगशाला टेकु, वीर, सिभिललगायतका सरकारी अस्पतालमा एक हजार कायम छ भने विदेश जानेका लागि त्रिभुवन विमानस्थल परिसरमै निजी संस्थाले एक हजार २ सय रुपैयाँ लिइरहेका छन्।

स्वास्थ्य मन्त्रीका निर्देशन र अस्पतालका कार्यकारी निर्देशक डा.चन्द्रमणि अधिकारीको तत्परतापछि आवश्यक प्रक्रिया पूरा गरी सोमबारबाटै लागू हुने गरी एक हजार रुपैयाँमै पीसीआर परीक्षण शुल्क तोकिएको स्वास्थ्य मन्त्रीको सचिवालयले जनाएको छ।

मुटुको शल्यक्रिया गर्ने बिरामीको पीसीआर गर्दा शुल्क एक हजार रुपैयाँ मात्र लिन मिल्ने गरी विलिङ र सफ्टवेयर प्रणाली सोमबारबाटै कार्यान्वयनमा आएको र यसले सर्वसाधारणलाई राहत पुगेको स्वास्थ्यमन्त्रीका प्रेस सल्लाहकार शन्तराम बिडारीले जानकारी दिए।

सरकारी अस्पतालमा इमर्जेन्सी सेवा निःशुल्क, सर्वसाधरणको सहज पहुँच र सेवा सुविधा पारदर्शी गर्ने सम्बन्धमा पनि छिट्टै निर्णय हुने उनले बताए। मन्त्रालयका सचिव डा.रोशन पोखरेलले अस्पतालका निर्देशक डा.अधिकारीलाई स्वास्थ्यमन्त्री खतिवडाको निर्देशन तत्काल कार्यान्वयन गरी नागरिकप्रति उत्तरदायी बन्न तथा पीसीआर परिक्षण शुल्क एक हजार रुपैयाँ कायम गर्न निर्देशन दिए।

# सीमा क्षेत्रमा हुने आपराधिक क्रियाकलाप रोक्न सहमति




**काठमाडौं/मस**–नेपाल-भारत समन्वय समितिको बैठक भारतको पिथौरागढमा सम्पन्न भएको छ। उक्त बैठकमा नेपाल र भारतका स्थानीय प्रशासन सीमा क्षेत्रमा हुन सक्ने आपराधिक क्रियाकलाप रोक्ने विषयमा छलफल भएको थियो।

छलफलपछि दुवै देशका जिल्लाका अधिकारी सीमा क्षेत्रमा हुन सक्ने आपराधिक क्रियाकलाप रोक्ने विषयमा सहमत भएका जिल्ला प्रशासन कार्यालय बैतडीका सूचना अधिकारी खगेन्द्र भारतीले जानकारी दिए।

बैठकमा सीमा क्षेत्रमा हुन सक्ने मानव बेचबिखन रोकथाम, सीमा नाकाबाट हुनसक्ने लागुऔषधको कारोबार, झुलाघाट झोलुङ्गे पुल मर्मत, भारतसँग जोडिएका घाट व्यवस्थित गर्ने लगायतका विषयमा छलफल भएको हो।

यस्तै दुई देशका नागरिक एकअर्को देशमा आवतजावत गर्दा परिचय खुल्ने कागज भएमात्रै प्रवेश गर्न दिने, सीमा क्षेत्रमा हुनसक्ने विभिन्न समस्या समाधानका लागि पहल हुने जनाइएको छ। यसका साथै पूर्वभारतीय सेनामा कार्यरत व्यक्तिलाई बैंकबाट प्राप्त हुने निरवृत्तिभरण लिने प्रक्रिया सहज गर्ने, आगामी दिनमा हुने स्थानीय निर्वाचनको समयमा सीमानाका बन्द गर्नेलगायतका विषयमा छलफल भएको हो।

भारतको पिथौरागढमा आइतबार आयोजित उक्त बैठक पिथौरागढ जिल्लाका जिल्ला अधिकारी डा आशिष चौहानको पहलमा सम्पन्न भएको हो। बैठकमा नेपालका तर्फबाट बैतडी र दार्चुला प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख र भन्सार कार्यालयका प्रमुखको सहभागिता रहेको थियो।

बैठकमा बैतडीका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेय, जिल्ला प्रहरी कार्यालयका प्रमुख रमेशबहादुर पाल, सशस्त्र प्रहरी नायब उपरीक्षक गणेश शाह, महाकाली भन्सार कार्यालयका प्रतिनिधिको सहभागिता रहेको थियो। यस्तै दार्चुला जिल्लाका प्रमुख जिल्ला अधिकारी सिद्धराज जोशी र सुरक्षा निकायका प्रमुखकोसमेत सहभागिता रहेको थियो।

# जनता र देशका लागि माओवादी पार्टी बलियो हुनुपर्छ : मन्त्री भुसाल



**लमजुङ/मस**–ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले जनता र देशका लागि आफ्नो पार्टीले महत्वपूर्ण काम गरेकाले माओवादी पार्टी बलियो हुनुपर्ने बताएकी छन्।

लमजुङ मस्र्याङदी गाउँपालिकास्थित भुलभुलेमा माओवादी केन्द्र मर्स्याङ्दी गाउँ कमिटीको अधिवेशनलाई सम्बोधन गर्दै उनले देश समृद्ध बनाउनका लागि माओवादी पार्टीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताइन्।

उनले भनिन्, 'माओवादी जनयुद्धका एजेन्डा अहिले राष्ट्रिय एजेन्डा बनेको छ। वैज्ञानिक समाजवादलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न सम्बन्धीत सबै पक्ष लाग्नुपर्दछ।'

उनले अहिलेको सत्ता गठबन्धन चुनावसम्म कायम हुने बताइन्। उनले भनिन्, 'यो गठबन्धन चुनावसम्म मात्र होइन, पछिसम्म पनि कायम रहनुपर्छ।'

मर्स्याङ्दी गाउँपालिकाका उपाध्यक्ष तथा पाार्टीका जिल्ला सदस्य होमबहादुर विकले अब माओवादी पार्टी पालिकामा सबैभन्दा बलियो पार्टी भन्ने दाबी गरे। उनले विगतका जस्तो जनता अबुझ नभएको र गाउँको विकास र जनताको हित सोच्ने पार्टी माओवादी नै जनताको रोजाइमा भएको बताउँदै आगामी निर्वाचनमा आफ्नो पार्टी बलियो हुने विश्वास व्यक्त गरे।

जिल्ला र पालिकाको सडक, जलविद्युत् समस्या, बाढीपहिराले पुऱ्याएको क्षति र त्यसबाट सिर्जित समस्याको समाधानका लागि पहल गर्न मन्त्री भुसाललाई उनले आग्रह गरे।

कार्यक्रममा माओवादी केन्द्र गण्डकी प्रदेशका सहइन्चार्ज यशोदा सुवेदी गुरुङ, गण्डकी प्रदेशका जनसंख्या तथा स्वास्थ्यमन्त्री मधु अधिकारी गुरुङ, पार्टीका केन्द्रीय सदस्य देवेन्द्र पराजुली, पारशमणि पौडेल, केन्द्रीय प्रतिनिधि, प्रदेश कमिटी सदस्य तथा संविधानसभा सदस्य बुद्धिराम तमु माओवादी, पार्टी मर्स्याङ्दी गाउँ कमिटीका अध्यक्ष दयसागर घिमिरे लगायतको उपस्थिति थियो।

## ओलीको...

वरिष्ठ उपाध्यक्ष, महासचिव र उपमहासचिवमा ओलीले चयन गरेका पदाधिकारी निर्विरोध निर्वाचित भए।

अध्यक्ष ओलीले चयन गरेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शंकर पोखरेल र तीन उपमहासचिव प्रदीप ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ र विष्णु रिमाल निर्विरोध निर्वाचित भएका हुन्। तर यस बाहेकका पदमा भने असन्तुष्ट नेताहरुले उम्मेद्वारी दर्ता गराए।

पहिले देखि नै असन्तुष्ट रहँदै आएका र ओलीको सूचीमा समेत नअटाएका भीम रावलले अध्यक्षमा उम्मेद्वारी दर्ता गराए भने घनश्याम भुसालले उपाध्यक्षमा उम्मेद्वारी दर्ता गराए। यता सचिवमा भीम आचार्य र टंक कार्कीले उम्मेद्वारी दर्ता गराए। भुसाल, आचार्य र कार्की पनि ओलीको सूचीमा अटाएका थिएनन्।

अध्यक्षमा ओली र रावलको उम्मेद्वारी पऱ्यो। छ जना उपाध्यक्षको पदमा अष्टलक्ष्मी शाक्य, घनश्याम भुसाल, युवराज ज्ञवाली, रामबहादुर थापा, विष्णुप्रसाद पौडेल, सुरेन्द्रप्रसाद पाण्डे र सुवासचन्द्र नेम्वाङको उम्मेदवारी पऱ्यो। सात जना सचिव हुने व्यवस्था भएको ठाउँमा गोकर्ण विष्ट, छविलाल विश्वकर्मा, टंकप्रसाद कार्की, टोपबहादुर रायमाझी, पद्माकुमारी अर्याल, भीमप्रसाद आचार्य, योगेश भट्टराई, रघुवीर महासेठ र लेखराज भट्टको उम्मेदवारी पऱ्यो।

यता केन्द्रीय सदस्यमा ओलीले ३०१ जनाको नाम सिफारिस गरेका थिए। तर, ओलीले सिफारिस गरेका नामभन्दा ३० जना बढीको उम्मेदवारी पऱ्यो। योसँगै अध्यक्ष ओलीको सर्वसम्मतको चाहनामा ब्रेक लाग्यो।

महाधिवेशन शुरु हुनु अघिदेखि नै सर्वसम्मतमा नेतृत्व चयन हुने बताउँदै आएका ओलीले सकेसम्म सबैलाई समेट्न भन्दै विधान संशोधन गरेर पदाधिकारी र केन्द्रीय सदस्यको संख्या बढाएका थिए। तर संख्या बढाउँदा समेत सबैलाई समेट्न नसकेपछि ओलीको सर्वसम्मत चाहना संकटमा परेको हो।

लालबाबुद्वारा पद अस्वीकार नेकपा एमालेका नेता लालबाबु पण्डितले पार्टीको केन्द्रीय सदस्य पद अस्वीकार गरेका छन्। अध्यक्ष ओलीले प्रस्ताव गरेका ३ सय १ केन्द्रीय सदस्यको सूचीमा उनको नाम थियो। पण्डित एमालेको उपाध्यक्ष पदका आकांक्षी थिए। तर, सो पदमा ओलीले नसमेटेपछि उनी असन्तुष्ट बनेका हुन्।


पण्डितले सामाजिक सञ्जालमा पनि आफू पार्टीको कार्यकारी पदमा नरहेको घोषणा गरेका छन्।

उनले सोमबारदेखि सम्पूर्ण कार्यकारी पदबाट बिदा लिएको बताउँदै दशौं महाधिवेशनबाट विजयीहरूलाई शुभकामना समेत दिएका छन्।

## श्रम...

क्षेत्रमा नयाँ मानिएका भए पनि उनको कार्यकालमा व्यवसायीको टाउको दुखाइको विषय बनेको संख्या सयको समस्या समाधानमा सक्रियता देखाएका थिए। पछिल्ला दिनमा उनले व्यवसायीको अर्को टाउको दुखाइको विषय रहेको फ्रि भिसा फ्रि टिकटको निर्णय परिवर्तन गरी व्यवसायीले कामदारले पाउने एक महिनाको तलब बराबर सेवा शुल्क लिन पाउने व्यवस्था गरिनुपर्ने अडान राखेका थिए।

# थुनामा रहेका व्यक्ति छुटाउने भन्दै २० लाख असुल्ने पक्राउ



**काठमाडौं/मस**– जबरजस्ती करणी उद्योगको कसूरमा थुनामा रहेका एक चिनियाँ नागरिकलाई छुटाइदिने भन्दै २० लाख रुपैयाँ असुलेको आरोपमा एक युवती पक्राउ परेकी छन्।

जबरजस्ती करणी उद्योगको मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका व्यक्तिलाई छुटाइदिने भन्दै २० लाख रुपैयाँ असुल गर्ने २७ वर्षीया रबिना थापालाई प्रहरीले पक्राउ गरेको हो। काभ्रेको पनौती नगरपालिका-१० की थापालाई महानगरीय अपराध महाशखाको टोलीले पक्राउ गरेको हो। महाशाखाका प्रवक्ता एसपी कृष्ण कोइरालाका अनुसार थापाले बलात्कार उद्योगको मुद्दामा पुर्पक्षका लागि डिल्लीबजार कारागारमा रहेका चिनियाँ नागरिक लुई युउलाई छुटाउने भन्दै रकम असुलेको पाइएको छ।

चिनियाँ नागरिक युउकी श्रीमती चितवनको रत्नगर नगरपालिका-३ टाँडीकी कमला भुषालसँग युउलाई छुटाउने भन्दै थापा र मन्जु ओली नाम गरेका युवतीले २० लाख रुपैयाँ लिएको अनुसन्धानबाट खुलेको छ। रकम लिएर सम्पर्कबिहिन भएपछि भुषालले आफू ठगिएको भन्दै महाशाखामा उजुरी दिएकी थिइन्।

भुसालकै उजुरीको आधारमा प्रहरीले थापालाई आइतबार काठमाडौंको छाउनीबाट पक्राउ गरेको हो। पक्राउ परेकी थापामाथि थप अनुसन्धान र आवश्यक कारबाहीका लागि महानगरीय प्रहरी परिसर काठमाडौं पठाइएको छ।

# रातो मच्छिन्द्रनाथ मन्दिर पुन:निर्माण अलपत्र



**ललितपुर/मस**– ललितपुर बुङ्मतीस्थित रातो मच्छिन्द्रनाथ मन्दिरको पुन:निर्माणको काम पाँच महिनादेखि अलपत्र परेको छ। मन्दिर निर्माणमा आवश्यक कच्चापदार्थ जोहो गर्दागर्दै गत साउनदेखि आजसम्म एक पनि इँटा थप्ने काम भएको छैन। मच्छिन्द्रनाथ पुन:निर्माणमा लाग्ने करिब १४ हजार डाँछी इँटा बनाउन दिइरहेकाले पुसको पहिलो हप्ताबाट मन्दिरको काम थालिने मन्दिर उपभोक्ता समितिका अध्यक्ष अमिर शाक्यले बताए। मन्दिरमा प्रयोग गरिने एक प्रकारको १७६ इँटा तयार भइरहेको शाक्यको भनाइ छ। अब मन्दिर पुन:निर्माणको काम अघि बढाएपछि एकै पटक सम्पन्न हुने शाक्यको भनाइ छ।

बुङ्मति क्षेत्रमा तीन नाम चलेका धरोहर मच्छिन्द्रनाथका साथै मनकामनामाई र ह्यङ्गी वभैरवमार दुई निर्माण सम्पन्न भइसक्दा मच्छिन्द्रनाथको काम अझै अलपत्र रहँदा अन्तरराष्ट्रियस्तरमा लज्जाको विषय बनिरहेको मच्छिन्द्रनाथ गुठीसँग सम्बन्धित ३२ पानेजु सङ्घ अध्यक्ष यज्ञरत्न शाक्यले बताए।

मुलुकमा कोरोना महामारी नियन्त्रण भएर स्वदेशीका साथै विदेशी पर्यटक बुङ्मति घुम्न आउँदा मन्दिरका विषयमा आफूलाई प्रश्न गर्ने गरेको र लाजले उत्तरसमेत दिन नसकिरहेको स्थानीयवासीको भनाइ छ। विसं २०७२ को गोरखा भूकम्पमा सो मन्दिर जीर्ण भएको थियो। मन्दिर पूरै पुन:निर्माण सम्पन्न गर्न ६४ फिट चार इन्चको गारो लगाउनुपर्ने हुँदा हालमात्रै २० फिट माथि गारो लगाउने काम भएको समितिले जानकारी गराएको छ। छ वर्षअघिको भूकम्पमा मन्दिर पर्दा श्रीलंका सरकारको पाँच करोड आर्थिक सहयोगमा मन्दिर पुन:निर्माण गर्ने भनिएको थियो। मन्दिर पुन:निर्माणमा कसैबाट चासो नदिइएपछि गत वर्ष असार २० गते क्षमापूजा गरी २२ गतेबाट समिति र पुरातत्व विभागबीच तीन करोड आठ लाखमा सम्झौता भई काम अघि बढेको थियो।

लगभग एक हजार ५०० वर्षअघि शिखरशैलीमा निर्माण भएको सो मन्दिर यहीवर्ष २०७८ असार मसान्तसम्म निर्माण सम्पन्न गर्ने सम्झौता भएको हुँदा अझै कति समय लाग्ने हो टुंगो लागेको छैन। लिच्छविकालतिर देशभर अनिकाल र खडेरी लाग्दा अन्न अनि वर्षा तथा सहकाल अनेकौं नामले पुकारिने रातो मच्छिन्द्रनाथको मुलुक प्रवेशले सहकाल भएको मच्छिन्द्रनाथ गुठीका मूलपूजारी कमलराज बज्राचार्यले बताए।

**नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति [illegible]

[illegible]

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६५।१२।३१ मा दर्ता भएको **प्रा.लि. नं. ६१८७०** को **सिद्धार्थ हाइड्रोपावर इन्जिनियरिङ्ग सर्भिस प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

## माओवादी पालिका अधिवेशन

# रुकुम पश्चिमका ६ वटै पालिकामा नयाँ नेतृत्व

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, १३ मंसिर




नेकपा माओवादी केन्द्रको रुकुम पश्चिमका ६ वटै पालिकाको सम्मेलन सकिएको छ। सोमबार सम्पन्न सम्मेलनले रुकुम पश्चिमका ६ वटै पालिकामा सर्वसम्मत नेतृत्व चयन गरेको छ।

सम्मेलनले आठबिसकोट नगरपालिकामा रवि केसी, चौरजहारी नगरपालिकामा श्रीकृष्ण शर्मा, मुसिकोट नगरपालिकामा धिरन शेर्पाली, त्रिवेणी गाउँपालिकामा गणेश बहादुर खड्का, सानीभेरी गाउँपालिकामा भुपाल ओली र बाँफिकोट गाउँपालिकामा चन्द्र बहादुर केसीलाई अध्यक्षमा चयन गरेको हो। ७३ वटै वडा सम्मेलन सकेको माओवादी केन्द्र रुकुम पश्चिमले ६ वटै पालिकामा मंसिर १० र ११ गते सम्मेलन गरेको थियो। मयुर नाच, सिंगारु नाचगान, पञ्चेबाजा, झाँकीहरु पालिका सम्मेलनमा समेटिएको थियो। जिल्लाका सबै पालिकाहरुको सम्मेलन अर्थमन्त्री जनार्दन शर्माले उद्घाटन गरेका थिए। एउटा मात्रै संघीय निर्वाचन क्षेत्र रहेको रुकुम पश्चिममा माओवादी केन्द्रका १७ हजार पाँच सय संगठित सदस्य रहेको माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा रुकुम पश्चिमका जिल्ला इन्चार्ज बसन्त शर्माले मध्यान्हलाई जानकारी दिए। शर्माका अनुसार जिल्लाका सबै पालिकाहरुमा सर्वसम्मत समिति बनेको हो। जिल्लामा ३ वटा गाउँपालिका र ३ वटा नगरपालिका रहेका छन्।

राष्ट्रिय सम्मेलनको तयारीमा जुटेको माओवादी केन्द्रले देशैभरका वडा र पालिका सम्मेलन सम्पन्न गरिसकेको छ। माओवादीको पालिकामा सात सदस्यीय पदाधिकारी हुने व्यवस्था रहेको छ। पदाधिकारीसहित महानगरमा ९९, नगरपालिकामा ६५ र गाउँ पालिकामा ५५ जनाको समिति बन्ने व्यवस्था छ।

# कांग्रेस गुल्मी जिल्ला सभापतिमा पन्थी विजयी

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, १३ मंसिर



नेपाली कांग्रेसको आसन्न १४ औं महाधिवेशनको क्रममा गुल्मीमा सम्पन्न जिल्ला अधिवेशनमा खिलध्वज पन्थीले ७६% मत लिएर सभापतिमा निर्वाचित भएका छन्। पन्थीले एक हजार दुई सय ७१ मत प्रात गरे भने उनका प्रत्यासी वेद थापामगरले तीन सय ८४ मत प्राप्त गरे।

त्यस्तै उपाध्यक्षमा शिव केसी र अनन्तराम पौडेल विजयी भएका छन्। केसीले एक हजार ३२ र पौडेलले एक हजार एक सय ८७ मत प्राप्त गरेका छन्।उपाध्यक्षका अर्का प्रत्याशी झविन्द्र विश्वकर्माले पाँच सय आठ मत पाए। यसैगरी सचिवमा भगत सिंह खड्का र जगदीश भट्टराई विजयी भएका छन्। खड्काले एक हजार २२ र भट्टराईले नौ सय ९१ मत प्राप्त गरेका हुन्। सतिवका अन्य प्रत्याशीहरु प्पृथबहादुर फौजदारले एक सय ८०, पूर्ण केसीले तीन सय ४६ र थम्मन केसीले चार सय १५ मत प्राप्त गरेको निर्वाचन सहायक भीम न्यौपानेले मध्यान्हलाई जानकारी दिए। सहसचिवमा छवि पाण्डेयले एक हजार एक सय ३३ र धर्म पाण्डेले आठ सय ५० मत प्राप्त गरेर विजयी भएका छन्। सहसचिवका अन्य प्रत्याशी निरोज मरासिनीले तीन सय ६२ र रेशम कुँवरले पाँच सय ८१ मत प्राप्त गरेको निर्वाचन सहायक न्यौपानेले बताए। निर्वाचन भएकामध्ये सदस्यमा कृष्णप्रसाद पोखेल, धीरेन्द्र केसी, लीलाधर आचार्य, पदम विष्ट र लोकप्रसाद खरेल विजयी भएका छन्। अधिवेशनमा क्षेत्र नं. १ बाट नौ सय ३९ र क्षेत्र नं. २ बाट आठ सय २७ जना गरेर १७ सय ६६ जना प्रतिनिधि रहेका थिए। जसमा एक हजार ६ सय ९३ मत खसेको थियो। ३८ मत बदर भएको छ। गुल्मीमा सभापति खिलध्वज पन्थीसहित पदाधिकारीमा सबै पौडेल पक्षका उम्मेदवार विजयी भएका हुन्।

# आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई उपकरण

**काठमाडौं/मस**–गृह मन्त्रालयअर्न्तगतको आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई विभिन्न सञ्चार उपकरण उपलब्ध गराइएको छ।

एशियाली विपद् पूर्वतयारी केन्द्र(एडिपिसी)को कोभिड-१९ परियोजनाअन्तर्गत राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र( एनडिआरसी) मार्फत १८ लाख ८६ हजार ४ सय २२ रुपैयाँ मूल्यका ती सामान हस्तान्तरण गरिएको हो। सोमबार आयोजित कार्यक्रममा विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाका प्रमुख सहसचिव हुमकला पाण्डेलाई एडिपिसीका राष्ट्रिय प्रतिनिधि मानबहादुर थापाले ती सामग्री हस्तान्तरण गरे।

सो अवसरमा सहसचिव पाण्डेले आपत्कालीन कार्य सञ्चालन केन्द्रको क्षमता अभिवृद्धिका लागि विभिन्न उपकरण प्रदान गरिएकामा आभार व्यक्त गर्दै यसबाट दैनिक कार्य सञ्चालनमा सहजता आउने बताए। एडिपिसीका राष्ट्रिय प्रतिनिधि थापाले सरकारसँग नजिक रहेर विपद् व्यवस्थापनका कार्य गर्ने कार्यक्रमको लक्ष्यअनुसार नै केन्द्रको क्षमता वृद्धिका लागि केही सञ्चार उपकरण प्रदान गरिएको बताउँदै आगामी दिनमा पनि यस किसिमको सहयोग जारी रहने उनले बताए। एनडिआरसीका कार्यकारी निर्देशक श्यामसुन्दर ज्ञवालीले एपिपी कोभिड-१९ परियोजनाअन्तर्गत सञ्चालन गरिएका कार्यक्रमको जानकारी दिँदै आपत्कालीन कार्य सञ्चालन केन्द्रको कार्यक्षमता बढाउन सोमबार उपलब्ध गराइएका सञ्चार सामग्रीले सहयोग पुग्ने बताए।

# पुनको स्वास्थ्यमा सुधार

**काठमाडौं/मस**– नेकपा (माओवादी केन्द्र)का स्थायी समिति सदस्य वर्षमान पुनको स्वास्थ्यमा क्रमिक रुपमा सुधार देखिएको छ।

गत शुक्रबार थाइल्याण्डको बैंककबाट थप उपचारका लागि चीनको सेनजेनस्थित थर्ड पिपुल्स हस्पिटल अफ सेनजेन लगेर उपचार शुरु गरिएको थियो। उपचार शुरु गरेपछि उनको स्वास्थ्यमा प्रारम्भिक सुधार देखिएको सँगै रहनुभएकी नेता पुनकी पत्नी तथा पूर्व सभामुख ओनसरी घर्तीले जानकारी दिइन्। विशेष गरी अमलपित्त बिग्रिएका कारण वान्ता, शरीर चिलाउने, निद्रा नलाग्ने, खान मन नलाग्ने, शरीर सुन्निने जस्ता समस्या देखिएका थिए।

उपचारमा संलग्न चिकित्सकले नेता पुन खतरामुक्त रहेको र केही समयपछि निको भएर नेपाल फर्कन सक्ने जानकारी दिएको नेता पुनका पूर्वस्वकीय सचिव तथा माओवादीका केन्द्रीय सदस्य दुर्गा चापागाईंले जानकारी दिए। नेता पुन गत असोज १३ गते उपचारका लागि बैंकक गएका थिए। नेपालमा ललितपुरस्थित सुमेरू अस्पताल र ग्राण्डी अस्पतालमा उपचार गराउनुभएका नेता पुनको भारतको एपोलो अस्पतालमा पनि उपचार गरिएको थियो।

---

**नेपाल सरकार**

## मत्स्य मानव संसाधन विकास तथा प्रविधि परिक्षण केन्द्र

**जनकपुरधाम धनुषाको**

### बोलपत्र स्विकृती गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७८/०८/१४)**

यस केन्द्रबाट मिति २०७८/०६/२५ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका बोलपत्र प्रस्तावहरु मध्ये तपसिल बोलपत्रदाताको न्यूनतम मूल्यांकित बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | खरिद कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर वाहेक) |
|---|---|---|---|
| FISHERIES/JNK/NCB/WORKS/01/2078-079 | Contruction of Boundry wall in Fisheries Janakpurdham | S. AND R. CONSTRUCTION | 5195734.20 |
| FISHERIES/JNK/NCB/WORKS /02/2078-079 | L-Building Improvement Works | Green Nepal Construction & Engineering | 1423271.22 |
| FISHERIES/JNK/NCB/WORKS /03/2078-079 | Repairs and Improvement Works of Nursery Ponds of Fisheries Office Janakurdham | SBM Construction & Consultancy | 884345.05 |

---

## रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**भुट्टार, उदयपुर**
**१ नं.प्रदेश, नेपाल**

### विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७८/०८/१४**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको जस्ता पाता खरिद तथा आपूर्ति गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को ध्ebsite:www.ppmo.gov.np मार्फत हेर्न सकिने र सिलबन्दी सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ।

**बोलपत्र सम्बन्धी खरिद तथा आपूर्ति कार्यको विवरण**

| सि.नं. | बोलपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम (भ्याट वाहेक) रु. | धरौटी रकम | खरिद तथा आपद्रर्ति | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | RRM/NCB/Goods/12/2078-079 CGI Sheet | २६ गेजको मेडियम क्लास रातो जस्ता पाता (लम्बाई ९ फीटका) सप्लाई गर्ने कार्य (रौतामाई गा.पा., भुट्टार, उदयपुर सम्म) | ४,४१५,०४८।६५ | १,३०,०००/– | गुणस्तर प्रमाण चिन्ह प्राप्त उद्योग/निर्माता वा अधिकृत डिलर/सप्लायर्स | रु.३०००/– |


## कतारमा रोजगार | कम्पनी : ASB TRADING AND CONTRACTING
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/१२ चलानी नं.: ६०१६९०२८ LT. No.: 252310

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1300 | ४२,४०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ मंसिर २१ गते (7 December 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Diamond Star Overseas Pvt. Ltd.**
Lic. No. 1353/074/075
Buddhanagar-10, Kathmandu, Nepal. PH: 01-4796680, 9818429557, 9809402086

## कुवेतमा वैदेशिक रोजगारको अवसर

१. कम्पनीः ISLAND INTEGRATED LEASING & CAR RENTAL LLC. शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/०८/१३ चलानी नं.: ६०१६९१०७ LT. No.: 252241

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales / Return Agent | 2 | 2 | सम्बन्धित काममा दक्ष | 140 | ५५,३१५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Operation / Maintenance Agent | 2 | 2 | | 170 | ६७,१६८ | | | | | | | |
| 3. | Light Driver | 5 | 0 | | 170 | ६७,१६८ | | | | | | | |
| 4. | Car Washers | 5 | 0 | | 95 | ३७,५३५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २१ गते (7 December 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोनः ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411
9801117476, 9813334450
Gov. lic. No. 793/065/66
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com

## कतार र कुवेतमा रोजगारको अवसर

१. कम्पनीः VAAS GROUP INTERNATIONAL शहरः QATAR
पूर्व स्वीकृत मितिः २०७८/०८/१२ चलानी नं.: ६०१६९०९७ LT. No.: 251904

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः MEGA E & M TRADING AND CONTRACTING शहरः QATAR
पूर्व स्वीकृत मितिः २०७८/०८/१३ चलानी नं.: ६०१६९०९५ LT. No.: 251903

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 12 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 10 | 0 | | 1700 | ५५,४५४ | | | | | | | |

३. कम्पनीः Alshaaz Electrical Trading Contracting शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०८/१२ चलानी नं.: ६०१६९०९६ LT. No.: 251905

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | स. काममा दक्ष | 1000 | ३२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनीः HORASCOM GUARD SECURITY CO. W.L.L. शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/०८/१३ चलानी नं.: ६०१६९१०१ LT. No.: 252145

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 4 | 0 | स. काममा दक्ष | 125 | ४९,३८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २१ गते (7 December 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | क. न. ४ को रु. १०,०००/– अन्यको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## HOSPITALITY TRAINING

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।



कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं।

नोटः ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं

सम्पर्क
Hilton Academy of Hotel Management & Culinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

### जनताको चुलोप्रति ध्यान देउ


सार्वजनिक तथ्यांकअनुसार पछिल्लो एक वर्षको बीचमा खाद्य सामाग्रीमा औसत २० प्रतिशतभन्दा बढीको मूल्यवृद्धि भएको छ । जसमध्ये सबैभन्दा बढी खानेतेलको मूल्यमा वृद्धि छ । तथ्यांकअनुसार खानेतेलमा गत आर्थिक वर्षको असोजदेखि हालसम्म ३१.६८ प्रतिशतले मुल्यवृद्धि भएको छ । खानेतेल पछि माछा–मासु, दाल तथा गेडागुडी, चामल, मकै तथा पिठोमा मूल्यवृद्धि भएको छ । नेपालमा कोरोना कालदेखि नै निरन्तर मूल्यवृद्धि भईरहेको छ । योबीचमा खाद्यसामाग्रीसँग जोडिएको एलपी ग्यासको मूल्यमा पनि अस्वभाविक वृद्धि हुन पुगेको छ । आयल निगमले कात्तिक अन्तिम साता एकैपटक एलपी ग्यासमा ७५ रूपैयाँले मूल्य बढाएको थियो । हाल कायम भएको मूल्य गत वर्षको भन्दा झण्डै डेढ सय बढी हो । निरन्तर पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि भइरहँदा त्यसले सबैतिर प्रभाव पारिरहेको छ । पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुँदा सार्वजनिक यातायातमा २८ प्रतिशतसम्मले भाडावृद्धि भैसकेको छ । जसको सिधा असर ढुवानीमा परेको देखिन्छ । जसले थप खाद्यसामाग्रीको मूल्य बढाउन सहयोग गरेको छ ।

अझै पनि मुलुकमा कोरोना महामारी पूर्ण रूपमा सकिएको छैन् । कोरोनाको कारण कतिपय व्यवसायीक क्षेत्र अझैपनि तंग्रिएर उठ्न सकेका छैनन् । पछिल्लो ओमिक्रोन नामको कोरोना भाइरसको महामारी अन्य देशमा फैलिरहँदा त्यसको चिन्ता नेपालमा पनि परेको देखिन्छ । आगामी समय त्यसले कस्तो रूप लिने हो भन्ने व्यवसायीक क्षेत्रमा चिन्ता देखिन थालेको छ । यहीबीचमा मुलुकका ठूला राजनीतिक दलहरूका महाधिवेशनले पनि बजार मूल्य बढाउन मद्दत गरेको देखिएको छ । राजनीतिक दलहरूले बढाएको खर्चले पनि मूल्यवृद्धि बढाउन सहयोग गरेको केन्द्रीय बैंकको भनाई छ । केन्द्रीय बैंकले जनाएअनुसार बढ्दो राजनीतिक गतिविधि र चुनावी तयारीका कारण देशमा थप मूल्यवृद्धि बढ्ने सम्भावना छ ।

निरन्तरको मूल्यवृद्धिले सामान्य आर्थिक अवस्थाका नागरिकलाई निकै मार पारिरहेको छ । आगामी दिनमा पनि यसको प्रभाव थप देखिनेमा कुनै आशंका छैन । कोरोना कालदेखि नै रोजगारी गुमाएका नागरिकलाई निरन्तरको मूल्यवृद्धिले चुलो नै नजल्ने अवस्थामा पुर्‍याउँदै लगेको देखिन्छ । नेपालको संविधानको प्रस्तावनाले मुलुकलाई समाजवाद उन्मुख व्यवस्थाको रूपमा परिभाषित गरिसकेको सन्दर्भमा देशलाई आत्मनिर्भर बनाउँदै समाजवादको मार्गमा प्रवेश गराउने जिम्मेवारी सरकारको हो । आयातमुखी व्यवस्थालाई अन्त्य नगरेसम्म बजारमा वस्तुको अनाधिकृत मूल्यवृद्धि रोकिने सम्भावना रहँदैन् । त्यसैले आयातमुखी व्यवस्थालाई अन्त्य गर्न राज्यले प्रभावकारी रणनीति र कार्यनीतिको निर्माण गर्दै तत्काललाई राज्य संयन्त्र र निजी क्षेत्रको समन्वयमार्फत पारदर्शी बजार व्यवस्थापनमा लागेर जनतालाई मूल्यवृद्धिको मारबाट बचाउन ध्यान दिनुपर्छ । तत्कालै निम्न आय भएका वर्गलाई ध्यान दिएर राहत दिने कार्यक्रम ल्याउनुपर्छ । सरकारले मूल्यवृद्धिमा सहयोग पुर्‍याउने तत्वहरूको पहिचान गरि निकास खोज्नुपर्छ । होइन् भने जनताको चुलो बल्न गाह्रो छ ।

# गाँजाको वैधताबारे

अमेरिकाको ३८ राज्यमा गाँजा वैध छ र १८ राज्यमा किनेर खान पाइन्छ । गाँजा अमेरिकाको वैध रूपमै पाँचौ प्रमुख नगदे बाली हो । मकै, भटमास, घाँस, गहुँपछि गाँजा खेतिको मूल्य ठूलो छ । त्यहाँ गाँजाको खेति वार्षिक आम्दानी ६.२ अर्ब डलर (करिब रू. ७ खर्ब) को छ ।



● भीम उपाध्याय

अमेरिकाको तल्लो सदन कंग्रेसले गाँजालाई लागूपदार्थको लिस्टबाटै हटाएर सामान्य अन्य बालीसरह मान्यता दिने नयाँ विधेयक दर्ता गरेको छ । अहिले पनि अमेरिकाको ३८ राज्यमा वैध छ र १८ राज्यमा गाँजा किनेर खान पाइन्छ । गाँजा अमेरिकाको वैध रूपमै पाँचौ प्रमुख नगदे बाली हो । मकै, भटमास, घाँस, गहुँपछि गाँजा खेतिको मूल्य ठूलो छ । त्यहाँ गाँजाको खेति वार्षिक आम्दानी ६.२ अर्ब डलर (करिब रू. ७ खर्ब) को छ । विभिन्न नियन्त्रण र प्रतिबन्ध हुँदाहुँदै पनि यति ठूलो योगदान छ भने नियन्त्रण हट्नासाथ प्रथम बाली हुने टड्कारो सम्भावना देखिन्छ ।

नेपालमा पनि गाँजा वैध हुनासाथ यो पहिलो ठूलो बाली हुने उत्तिकै सम्भावना छ । गाँजालाई वैध गरिनासाथ गरिब कुनाकाप्चाका किसान धनि हुनेछन् । सरकारले पनि राजश्व मनग्गै उठाउन थाल्नेछ र विकासका लागि कडा सर्तमा बजेट जुटाउन विदेशी दाताको पाउ मल्नुपर्ने छैन । तत्कालिन अमेरिकी सहायक विदेशमन्त्री मार्गरेट पी गार्फिल्डले वि.सं. २०३४ भदौ ३ गते राजा वीरेन्द्रलाई भेटेर नेपालमा गाँजामाथि प्रतिबन्ध लगाउनुपर्ने नत्र नेपालसँगको द्विपक्षीय सम्बन्धमा असर पर्ने चेतावनीसहितको जिम्मी कार्टरको विशेष सन्देश सुनाएपछि गाँजामाथि नेपालले प्रतिबन्ध लगाएको रहेछ । २०३५ वैशाख ७ गते राजा वीरेन्द्रले जिम्मी कार्टरलाई 'गाँजामाथि प्रतिबन्ध लगाएपछि जनताको आयस्रोत गुमेर झन् गरिब भएको र प्रतिबन्ध फुकुवा गर्न आफूलाई अनुरोध आएको व्यहोरो'को चिठी लेखेका थिए । तर अमेरिकाले वास्तै गरेन । गाँजामाथि प्रतिबन्ध लगाएपछि नेपाललाई गाँजाबाट हुने आयस्रोत त बन्द भयो नै, गाँजासम्बन्धी मुद्दामा गरिबहरूलाई कारागारमा राख्नुपरेकाले हरेक वर्ष करोडौं रुपियाँ थप खर्च पनि भइरहेको रहेको छ । यससम्बन्धी विवरण 'अडियन्स विथ किङ वीरेन्द्र नार्कोटिक' नामबाट विकिलिप्स रिपोर्टले ०७६ चैतमा बाहिर ल्याइदिएको रहेछ ।



अमेरिकाले गाँजालाई सामान्य बाली सरह मान्यता दिने गरी नयाँ विधेयक संसदमा दर्ता गरेको छ । उसले नै विश्वभरि गाँजा प्रतिबन्ध लगाउन लगायो । प्रतिबन्धित अवधिमा नै सारा रिसर्चहरू समेत गरेर पेटेन्ट र प्रोपर्टी अधिकार पनि कब्जा गरिसकेको छ । जसमा नेपाल 'ट्वाँ' पर्दैछ ।

एक वर्ष भयो संयुक्त राष्ट्र संघले गाँजा कडा लागू पदार्थ हैन औषधिय वनस्पति हो, वैध गरेर उपयोग गर्न पाउछ भनेर महासन्धि पास गरेको छ । नेपालले यो प्रस्ताव पास गर्न निर्णायक १ मत दिएको हो तर, त्यसपछि अहिलेसम्म चुँ बोलेको छैन । आफ्नो स्रोत विगत साढे ४ दशकसम्म नखोल्दा पनि नेपाल चुँ बोलेन । अहिले त्यो स्रोत पाउदा पनि चुँ गर्दैन । यति लाछी सरकार, प्रशासन र नेताहरू भएको मुलुक नेपाल हो । यदि यी नेताहरू र दलहरू यसमा चाँसो दिएर लाग्दैनन् भने अब जनता नै जागेर नयाँ दल खोलेर गाँजालाई खुला गर्न किन नजुर्मुराउने ?

●●●

नेपालमा पनि गाँजा वैध हुनासाथ यो पहिलो ठूलो बाली हुने सम्भावना छ । गाँजालाई वैध गरिनासाथ गरिब कुनाकाप्चाका किसान पनि धनि हुनेछन् । सरकारले पनि राजश्व मनग्गै उठाउन थाल्नेछ र विकासका लागि कडा सर्तमा बजेट जुटाउन विदेशी दाताको पाउ मल्नुपर्ने छैन ।

●●●

### गाँजाको प्रयोगबारे

कच्चा गाँजामा 'टिएचसी' हुँदैन, तर यसलाई केही अतिरिक्त फाइदाहरूको लागि उपभोग गर्न सकिन्छ । एमेच्योर भांगका प्रयोगकर्ताहरूलाई भांगको भित्री कार्यहरू थाहा नहुन सक्छ । उनीहरूलाई थाहा छैन कि 'उच्च' अनुभवको लागि मुख्य तत्व गर्मी हो, जसले 'कम्पाउन्ड टिएचसीए'लाई 'टिएचसी'मा रूपान्तरण गर्छ । त्यसैले कसैले आफ्नो मिठाईमा कच्चा गाँजा थप्ने प्रयास गर्न सक्छ र केही प्रकारको फाइदाको आशा गर्न सक्छ । हालका वर्षहरूमा, मानिसहरूले भांगको बोटको अन्य भागहरूमा चासो लिएका छन्, 'टिएचसी'लाई उनीहरूको फोकसबाट हटाउँदै । त्यहाँ बिरुवामा विभिन्न प्रकारका तत्वहरू छन् जुन फाइदाहरू छन्, कहिलेकाहीँ रहस्यमय, किनभने तिनीहरू सबै अध्ययन गरिएका छैनन् ।

यी यौगिकहरू र टर्पेनहरू प्रचुर मात्रामा र धेरै भिन्न हुन्छन्, जहाँ अनुसन्धानकर्ताहरूलाई थाहा हुँदैन कि त्यहाँ कति छन् र तिनीहरूका प्रभावहरू पूर्ण रूपमा के छन् । काँचो भांगको उपभोग गर्दा तपाईंलाई उच्च प्राप्त हुँदैन र सबैभन्दा स्वादिष्ट अनुभव हुनेछैन, यो पातदार सागहरू खाने जस्तै हो । जब विरुवाले कुनै मनोवैज्ञानिक प्रभावहरू उत्पादन गर्दैन, यसले तपाईंको प्रणालीमा भिटामिन, खनिज र क्यानाबिनोइडहरू प्रदान गर्न मद्दत गर्न सक्छ । भांगको बोटमा टिएचसी प्रभावकारी हुनको लागि - उच्च र आराम वा रचनात्मकताको अनुभूति प्रदान गर्दै - बोटलाई डेकार्बोक्सीलेसन प्रक्रियाबाट गुज्रनु आवश्यक छ । यो धेरै नियोफाइट क्यानाबिस शेफहरूले खाना पकाउनु अघि छोड्ने चरण हो । डेकार्बोक्सीलेसन तब हुन्छ जब तपाइँ बिरुवामा तातो लगाउनुहुन्छ, चाहे जोइन्ट धुम्रपान गर्दा वा भांगलाई तपाईंको खानेकुरामा थप्नु अघि पहिले तातो गर्दा । यसको प्राकृतिक अवस्थामा, भांगमा कुनै टिएचसी छैन । यसको सट्टामा यसमा टिएचसीए भनिने एक कम्पाउन्ड छ, जुन एन्टि- इन्फ्लेमेटरी गुणहरू, मस्तिष्क स्वास्थ्यको प्रवर्द्धन, कोशिकाहरूको प्रसार, र क्यान्सर कोशिकाहरूको वृद्धि र फैलावटलाई पनि ढिलो बनाउँछ ।

तैपनि, तपाईंले भांग अनुसन्धानमा जतिसुकै लगानी गर्नुभयो, त्यहाँ कुनै वैज्ञानिक प्रमाण छैन । जसले ग्यारेन्टी दिन्छ कि काँचो विरुवाको सेवनले एन्टि-इन्फ्लेमेटरी गुणहरू र यससँग जोडिएको अन्य फाइदाहरू प्रदान गर्दछ । जे होस्, भांग काँचो खाएमा, तपाईंले कुनै पनि अन्य हरियो र पातदार बोट खानुको समान फाइदाहरू प्राप्त गर्नुहुनेछ । यदि तपाईं भांग खानमा रुचि राख्नुहुन्छ र यसलाई चुनौतीपूर्ण लाग्दै हुनुहुन्छ भने, तपाईंले प्रयास गर्न सक्ने केही विकल्पहरू छन् । जबकि कोही यसलाई सलादमा वा तिनीहरूको भाँडामा गार्निशको रूपमा थप्न इच्छुक छन् । रस निकाल्नु सबैभन्दा सरल तरिका हुन सक्छ । यस प्रक्रियाले पातहरू, काण्ड र कोपिलाहरू सहित सम्पूर्ण भांगको बोटको फाइदा लिन्छ र कच्चा गाँजाको स्वाद राम्रो बनाउने तरिका खोज्नुभन्दा धेरै राम्रो विकल्पको लागि बनाउँछ । क्यानाबिसको रसमा बोटमा भएका सबै यौगिकहरू र गुणहरू हुन्छन् र तपाईंको स्वाद अनुसार मोल्ड गर्न सकिन्छ । तपाईं यसलाई अन्य फलफूल र तरकारीहरूसँग मिलाउन सक्नुहुन्छ, मिठासको लागि केही मह थप्नुहोस् र स्वस्थ र स्वादिष्ट चीजको साथ अन्त्य गर्न सक्नुहुन्छ ।

आशा छ कि यो दृष्टिकोणले तपाईंलाई विभिन्न तरिकामा भांग प्रयोग गर्न मद्दत गर्न सक्छ । यदि तपाइँसँग भांगका पातहरूमा पहुँच छ भने आफ्नो फाइदाको लागि प्रयोग गर्न निश्चित हुनुहोस् । पेय, चिया र कफीहरू इन्फ्युज गर्न, वा ककटेलमा चिसो र सुगन्धित ट्विस्ट थप्न र केही बेलुका पाहुनाहरूलाई वाह गर्नका लागि स्टिकहरू, डाँठहरू, पातहरू र यस्तै प्रयोग गर्न सकिन्छ ।

*(लेखक उपाध्याय पूर्वसचिव हुन् ।)*

## सामाजिक सञ्जाल




**- सुर्यराज आचार्य**

लोकतान्त्रिक प्रणालीमा जनभावना बोक्ने र जनताले चाहेको नेता जनताको मतले चुनिने हो । तर बिडम्बना, हामी कहाँ विदेशी स्वार्थ बोक्ने छद्मभेषका नेताहरूलाई अनेक तिकडम लगाएर शक्तिशाली र 'लोकप्रिय' बनाइन्छ । आमजनताले विस्तारै यो कुरा बुझ्दैछन् । एमसीसीको बहसले पनि यो पक्षलाई प्रष्ट्याएको छ ।




**- बिनु सुवेदी**

पाँचौं महाधिवेशनमा तत्कालीन महासचिव मदन भण्डारीले सबैलाई समेटे, एकल बहुमत हुँदाहुँदै पनि सहमति गरे, पार्टी नेतृत्वमा कसैलाई पनि छुटाएनन् । यसपालि एकता महाधिवेशन भनिए पनि पार्टीको आन्तरिक लोकतन्त्रमाथि सर्वसम्मतिको डोजर चलेको छ ।




**- श्याम दाहाल**

नेता मात्रै जन्माउछ र पछि गएर यिनै नेता धनी बन्नेछन् र लाखौंको भिडमा जिन्दावादको नारा लगाउनेहरू अर्को वर्षसम्म म जस्तै पासपोर्ट बनाएर विदेश पलाएन हुनेछन् । राजनीतिमा झोला बोक्ने मात्रै होइन झोला भर्न पनि जान्नुपर्छ र नेपाल तिनिहरूकै लागि हो ।



**- विराट अनुपम**

नेपालमा राजनीतिमा महिला नेतृत्व ल्याउन सबैभन्दा योगदान वीपी कोइरालाको छ । २०१५ को चुनावमा निर्वाचन क्षेत्र नम्बर ६६ डडेलधुराबाट द्वारिकादेवी चन्द ठकुरी उठाएर चुनाव मात्रै जिताएनन् स्वास्थ र स्वायत्त प्रबन्ध उपमन्त्री नै बनाए । नेपालमा राजनीतिमा महिला नेतृत्व ल्याउन सबैभन्दा योगदान वीपी कोइरालाको छ ।



**- रामकृष्ण भण्डारी**

पत्रकार महासंघको विधान भन्छ– राजनीति गर्न मिल्दैन । तर आफूलाई पत्रकारको अगुवा भन्नेहरू धमाधम कांग्रेस, एमाले, माओबादी, समाजवादीलगायत दलको चुनावी मैदानमा छन् । पत्रकार हुँ भन्छन, तर दलको चुनावमा जिताउनुस् भनेर भोट मागिरहेछन् । महासंघ तैचुप मैचुप छ । अनि हामी नै भनिरहेछौँ, दलले देश बिगारे ।

## टिप्पणी

● सन्दिप पनेरू



# महाधिवेशनको नाममा 'ओलीवेशन'

संख्यात्मक र आकारमा हेर्दा नेकपा (एमाले) यतिबेला देशको सबैभन्दा ठूलो पार्टी हो । तर यस्तो ठूलो हो कि भैँडाहरुको विशाल बथान जस्तै, हावा भरेर आकाशमा उडाइएको बेलुन जस्तै । भनिन्छ, भैँडाहरुको ठूलो बथानमा एउटा भैँडो भिरतिर लाग्यो भने अरु भैँडाहरु पनि त्यतै लाग्छन् । भैँडो जातिमा एउटाको बुद्धिले गर्दा पुरै बथान नै जोखिममा पर्ने सम्भावना हुन्छ । अनि हावा भरेर उडाइएको ठूलो बेलुन कुनै वस्तुमा ठोकियो वा घामले तात्यो भने फुटिहाल्छ ।

नेपाली कांग्रेशका प्रवाभशाली युवा नेता गगन थापाले मंसिर १२ गते आफ्नो पार्टीको एक कार्यक्रममा बोल्दै अहिले चितवनमा भइरहेको एमालेको कार्यक्रम महाधिवेशन नभएर 'ओलीवेशन' भएको बताए । गगन थापा एमालेका नेता होइनन्, एउटा पार्टीको नेताले अर्को पार्टी वा अर्को पार्टीको कार्यक्रमलाई बेठिक भन्ने संस्कार नेपालमा मात्र नभएर विश्वव्यापी रुपमा नै रहेको छ । तर शनिबार नेता थापाले उच्चारण गरेको नयाँ शब्द 'ओलीवेशन' एमाले वा एमालेका सुप्रिम नेता केपी शर्मा ओलीलाई सित्तैमा कटाक्ष गर्न नभएर वर्तमानमा एमालेमा देखिएको यथार्थतालाई चित्रण गरेका हुन् ।

